आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १४ जुलाई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले गत तीन–चार वर्षमा आठ करोड रोजगार सृजना भएको बताउनु भएको छ।
२. राष्ट्रपति रामचन्द्र पौडेलले आज नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको पदमा नियुक्त गर्नु भएको छ।
३. दार्जिलिंगका सांसद राजु बिस्टले जीटीए पर्यटकीय सम्पत्तिहरू कथित रूपमा निजी तत्वहरूलाई लिजमा दिइएको विषयमा गम्भीर चिन्ता व्यक्त गर्नु भएको छ्।
४. नेपाली दैनिक पत्रिका हिमालय दर्पणको २३औं वर्षगाँठको अवसरमा सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामङ गोलेलाई हिमालय दर्पण गोर्खा गौरव सम्मानले विभूषित गरेको छ।
५. मौसम विभागले कलकत्ता लगायत अन्य जिल्लाहरुमा हल्का वर्षासहित मेघ गर्जन हुने सम्भावना व्यक्त गरेको छ

****** ० ******

**प्रधानमन्त्री रोजगार**

प्रधानमन्त्री नरेन्द्र मोदीले गत तीन–चार वर्षमा आठ करोड रोजगार सृजना भएको बताउनु भएको छ। हिजो मुम्बईमा भारतीय रिजर्भ बैंकको रिपोर्टलाई उल्लेख गर्दै उहाँले देशमा सीप विकास र रोजगारीको आवश्यकता रहेको र केन्द्र सरकारले यस दिशामा काम गरिरहेको बताउनु भयो। श्री मोदीले प्रचार प्रसार गर्ने शक्तिहरू देशको लगानीए  पूर्वाधार विकास र आर्थिक प्रगतिका शत्रु भएको बताउनु भयो।कार्यक्रममा प्रधानमन्त्रीले सडकए  रेलमार्ग र बन्दरगाह विकाससँग सम्बन्धित २९ हजार करोडको परियोजनाको शिलान्यास गर्नुभएको थियो। उहाँले राष्ट्रिय जनतान्त्रिक गठबन्धन-एन.डी.ए. सरकारले स्थायित्व र आर्थिक वृद्धिलाई प्राथमिकता दिएको बताउनु भयो। श्री मोदीले भन्नु भयो महाराष्ट्रको गौरवशाली इतिहास छ र यस राज्यमा समृद्ध भविष्यको सम्भावना छ। उहाँले महाराष्ट्रमा उद्योगए  कृषि र वित्त क्षेत्र फस्टाउँदै गएको र विकसित भारतमा महाराष्ट्रले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनु भएको छ।  प्रधानमन्त्रीले आफ्नो लक्ष्य महाराष्ट्रलाई विश्वको आर्थिक राजधानी बनाउनु रहेको बताउनु भयो। उहाँले मुम्बई र आसपासका क्षेत्रमा सुरु भइरहेका पूर्वाधार परियोजनाहरूले गतिशीलता सुविधामा सुधार र महिलाको सुरक्षामा वृद्धि हुने बताउनु भयो। श्री मोदीले भन्नु भयो केन्द्र सरकारले पालघरको दहनुमा वाधवन बन्दरगाहलाई स्वीकृत गरेको छ। यसबाट १० लाख मानिसले रोजगार पाउने उहाँले बताउनु भयो।

****** ० ******

**केपी शर्मा ओली**

राष्ट्रपति रामचन्द्र पौडेलले आज नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको पदमा नियुक्त गर्नु भएको छ। राष्ट्रपतिले नयाँ सरकार गठनको लागि तोकेको समयसीमा आज साँझ ५ बजी सकिंदा प्रधानमन्त्रीको नियुक्ति र सपथ ग्रहणको प्रक्रिया सुरु भएको थियो। राष्ट्रपति पौडेलले संविधानको धारा ७६ को उपधारा २ बमोजिम शुक्रबार साँझ ५ बजेभित्र नयाँ सरकारको नेतृत्वको लागि दलहरुलाई आह्वान गर्नु भएको थियो। यो समय सीमा अनुसार शुक्रबार राति नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसको समर्थनमा प्रधानमन्त्री पदको लागि १ सय ६५ सदस्यको हस्ताक्षरसहित दाबी पेश गर्नु भएको थियो। प्रधानमन्त्री र मन्त्रीहरुको सपथ ग्रहण कार्यक्रम भोली बिहान ११ बजी हुनेछ।

****** ० ******

**सांसद विष्ट-लिज**

दार्जिलिङका सांसद राजु बिष्टले जीटीए पर्यटकीय सम्पत्तिहरू कथित रूपमा निजी तत्वहरूलाई  लिजमा दिइएको विषयमा गम्भीर चिन्ता व्यक्त गर्दै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) का मुख्य सचिव श्री सौम्य पुरकैतबाट स्पष्टीकरण माग्नु भएको छ।  उहाँले आज एउटा विज्ञप्ति जारी गर्दै विभिन्न राष्ट्रीय एवं स्थानीय मिडियाहरूले दार्जिलिङ मोड़ए  सिलगढ़ी अनि सन्दकपु मार्गमा रहेका जीटीए पर्यटकीय सम्पत्तिहरू कथित रूपमा निजी पक्षहरूलाई पट्टामा (लिज)  दिइएको रिपोर्ट प्रसारित गरेको उल्लेक गर्नु भएको छ। उहाँले ती रिपोर्टहरूमा जीटीए प्रमुख कार्यपाल अनित थापाले "जीटीए-का सबै सम्पत्तिहरू पट्टामा दिने निर्णय गरिसकेको बताएको उद्धृत गर्नु भएको छ। श्री थापाको यस वक्तव्यले प्रक्रियात्मक पारदर्शिता अनि वैधताको सम्बन्धमा प्रश्न खड़ा गरेको सासंदको भनाइ छ। आफू जीटीए सभाका पदेन सदस्य रहेको भए तापनिए  जीटीए पर्यटकीय सम्पत्तिहरूलाई पट्टामा दिइनुअघि जीटीए सभामा कुनै छल-फल गरिएको जानकारी आफूलाई नभएको सांसदले बताउनु भएको छ। जीटीए पर्यटन सम्पत्तिहरू सार्वजनिक सम्पत्तिहरू भएकाले तिनीहरूलाई जीटीए सभाको प्रस्तावहरू बिना हस्तान्तरण गर्न सकिँदैन भन्ने सांसद विष्टको ठहर छ। यस मामिलाको सम्बन्धमा तथ्यहरू पत्ता लगाउनका लागि आफूले जीटीएका मुख्य सचिवलाई औपचारिक रूपले  अनुरोध गरेको श्री विष्टले बताउनु भएको छ।सिक्किम- मुख्यमन्त्री

****** ० ******

**सिक्किम- मुख्यमन्त्री**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामङ गोले हिमालय दर्पण गोर्खा गौरव सम्मानले आज विभूषित हुनु भएको छ। नेपाली दैनिक पत्रिका हिमालय दर्पणको 23औं वर्षगाँठको अवसरमा मुख्यमन्त्री गोलेलाई उक्त सम्मानले विभूषित गरिएको हो। सिलगढ़ीछेउ मतिगढ़ाको उत्तरायणस्थित एउटा होटलमा आयोजित एउटा कार्यक्रममा प्रणामी धर्मगुरु 108 श्रीश्री मोहन पी. आचार्यको बाहुलीबाट मुख्यमन्त्री गोलेलाई उक्त सम्मान प्रदान गरिएको हो। समारोहमा मुख्यमन्त्री गोलेको बाहुलीबाट हिमालय दर्पणको सिक्किम संस्करणको लोकार्पण पनि गरियो। समारोहमा अन्य विशिष्ट अतिथिहरूमा दार्जीलिङका सांसद राजु विष्टए  दार्जीलिङका विधायक निरज जिम्बालगायत अन्य गण्यमान्य व्यक्तिहरूको उपस्थिति रहेको थियो। यसैबीच सांसद श्री राजु विष्टले एउटा विज्ञप्ति जारी गरेर समाचारपत्र हिमालय दर्पणको 23औँ स्थापना दिवसको उपलक्ष्यमा सिक्किमका लोकप्रिय मुख्यमन्त्री सम्माननीय श्री पी.एस. गोलेसँग उपस्थित हुन पाउँदा हर्ष व्यक्त गर्नुभयो। यसको साथै उहाँले हिमालय दर्पणले आफ्नो 23औँ स्थापना दिवसको अवसरमा सिक्किम संस्करण थालनी गरेकोमा बधाई अनि शुभकामना पनि दिनुभयो। उहाँले कार्यक्रममा आफूलाई सम्मानित अतिथिको रूपमा निमन्त्रणा गरेकोमा आयोजक समितिप्रति आभार पनि व्यक्त गर्नुभयो।

****** ० ******

**शुभेन्दु-धरना**

कलकत्ता हाई कोर्ट को सशर्त अनुमति पछि शुभेंदु अधिकारी लोकसभा चुनाव पश्चात् भएको हिंसाको घटनाहरुको विरोधमा आज आइतवार राजभवन अघि धरनामा बस्नुभयो। यस अवधि शुभेन्दु अधिकारी सित भाजपा नेता तापस रॉयए  रुद्रनील घोषए  असीम सरकारए  कौस्ताब बागची तथा हिंसा पीड़ित उपस्थित थिए। सूत्र अनुसार आज बिहान दस बजे शुभेंदु अधिकारीले धरना प्रदर्शन शुरू गरे। हाई कोर्ट को आदेश अनुसार आज को धरना प्रदर्शनमा पार्टी का 3 सय कार्यकर्ता एवं समर्थक शामिल भएका थिए। धरना अपराहन्न दुइ बजे समाप्त भयो। पार्टी कार्यकर्ताहरुले हाथमा पोस्टरहरु लिएका थिए। धरनामा भाजपा कार्यकर्ताहरुमाथि अत्याचार भएको तस्वीरहरु पनि प्रदर्शनकारीहरुले हाथमा लिएका थिए। कार्यक्रममा आदि कवि भानुभक्त आचार्यद्वारा लिखित रामायण पाठ सूचना अनि सांस्कृतिक विभाग खरसाङका कलाकारहरूले प्रस्तुत गरेका थिए। यस श्रद्धाञ्जली कार्यक्रम विषयमा पत्रकारहरूसित कुराकानी गर्दै गोर्खा जनपुस्तकालय खरसाङको मूल सचिव विनोद रसाईलीले गोर्खा जनपुस्तकालय खरसाङ र सूचना अनि सांस्कृतिक विभाग खरसाङको संयुक्त आयोजनामा खरसाङमा

आदि कवि भानुभक्त आचार्यको २११औं जन्म जयन्ती पालन गरिएको बताए। यस कार्यक्रम दुई भागमा आयोजना गरिएकोए जसमा पूर्वार्ध्दमा खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा रहेको आदि कवि भानुभक्त आचार्यको सालिगमा श्रद्धाञ्जली अर्पण कार्यक्रम सम्पन्न गरिएको र उत्तरार्ध्दको कार्यक्रममा विभिन्न विद्यालयहरूका विद्यार्थीहरूलाई लिएर आदि कवि भानुभक्त आचार्यद्वारा लिखित फुटकर कविता आवृत्ति प्रतियोगिता र रामायण पाठ प्रतियोगिता आयोजना गरिएको जानकारी गराए।उनले सबैतिर भानु जयन्ती २१० औं पालन गरिए पनि गोर्खा जनपुस्तकालय खरसाङले २१० औं भानु जयन्ती समारोह पालन गरिरहेको बताउँदै यसको कारण जन्म वर्षलाई पनि एक गणना गरिनु पर्ने र यस विषयमा एकरूपता आउनु पर्ने आवश्यकता रहेको बताए।

****** ० ******

**बीएसएफ**

भारत-बांग्लादेश सीमामा तैनात उत्तर बंगाल फ्रंटियरको किशनगंज सेक्टर अन्तर्गत ७२ औ बटालियन सीमा सुरक्षा बल (बीएसएफ) को बॉर्डर आउट पोस्ट (बीओपी) बोर्रा का सीमा प्रहरीहरुले तीन जना बांग्लादेशी नागरिकलाई अवैध रुपले भारत देखि बांग्लादेश सीमा पार गर्ने कोशिश गरिरहेको समय पक्राउ गरेको छ। पक्रा परेका यी बंग्लादेशी नागरिकहरुको जाँच गरिन्दाँ बिएसएफ ले ५० बोतल प्रतिबंधित कफ सिरप जफ्त गरेको छ। गिरफ्तार तीनै बांग्लादेशी नागरिकलाई जब्त सामान साथै करणदिघी थाना कहाँ सुम्पिएको छ।

****** ० ******

**वृक्षारोपण**

बागडोगरा वन विभागले वन महोत्सवलाई लिएर आज वृक्षारोपण कार्यक्रम गर्यो। बागडोगरा वन विभाग सदस्यहरुका पहल द्वारा आज तिरहाना क्षेत्रमा १ हजार वटा बिरुवाहरु लगाइयो। यस अवधि बागडोगरा वन विभागका रेंजर सोनम भूटियाए समेत अन्य वन विभागका अधिकारीहरु उपस्थित थिए। यस अवसरमा रेंजर सोनम भूटियाले भन्नुभयो कि हामीले आज वृक्षारोपण नगरे आउने पिढ़ीले यसको नोकसानी भोग्न पर्नेछ। आज शिशुए शिमुल सहित विभिन्न प्रजातीका रुखका बिरुवाहरु लगाइयो। सबै मानिसहरुसित सक्दो कम्ती संख्यामा भए पनि रुखहरुका बिरुवाहरु रोप्ने आग्रह पनि रेन्जर सोनाम भोटिया ले गर्नु भएको छ।

****** ० ******

**भक्ति नगर**

भक्ति नगर थाना पुलिसले गुप्त सूचना को आधारमा एउटा अभियान चलाएर चार बदमाशहरुलाई गिरफ्तार गरेको छ। सूत्र अनुसारए हिज अबेर राती भक्ति नगर थाना पुलिसले गुप्त सूचनाको आधारमा सालूगाड़ा अंतर्गत एउटा ढाबा अघि बाट चार बदमाशहरुलाई गिरफ्तार गरेकोछ। यद्धपि धेरै अन्य भाग्नमा सफल बनेको बताइएको छ। पुलिसले यी बदमाशहरुको जाँच पछि धेरै वटा धारदार हथियारहरु जफ्त गरेको छ। भक्ति नगर थाना पुलिस अघिको कार्यवाहीमा जुटेको छ।

****** ० ******

**जिम्बा**

दार्जीलिङको चैरस्तामा हिजो आयोजित नेपाली आदि कवि भानु भक्त आचार्यको 210 औ जन्म जयन्ती समारोहमा गोर्खाल्याण्ड क्षेत्रिया प्रशासनका प्रमुख कार्यपाल अनित थापाले आउँने बर्ष 2025 देखि "सुवास घिसिङ स्मृति सर्वोच्च नागरिक सम्मान पुरस्कार" स्व: घिसिङको जन्म जयन्तीमा प्रदान गरिनेघोषणालाई दार्जिलिंगका विधायक नीरज जिम्बाले स्वागत जनाउनु भएको छद्य श्री जिम्बाले अनित थापाले गरेको घोषणा स्वागत योग्य रहेको बताउनु भएको छ। उहाँले भन्नु भयो स्व: सुवास घिसिङले पार्टीदेखि माथि उठेर जातिको हितमा काम गर्नु भएको थियो। उनले भनेका छन्ए श्आदिकवि भानुभक्त आचार्य नेपाली भाषालाई आधुनिकतातर्फ दोहोऱ्याउने अग्रणी साहित्य साधक हुन्| भानुभक्तको रामायणपछि नेपाली भाषाए साहित्यले एउटा नयाँ युगमा प्रवेश गरेकोले उनी युगप्रवर्त्तक एवं जातीय कवि ठहरिन्छन् |

****** ० ******

**मौसम**

राज्यको राजधानी कोलकातामा आगामी 24 घंटाको अवधि हल्का तथा गरजन साथ वर्षा हुने संभावना मौसम विभागले व्यक्त गरेको छ। मौसम विभागले बताए अनुसार कोलकातामा आज अधिकतम तापमान 3२ दशमलव ४ डिग्री सेलसियस् रह्यो जुन चाहिँ सामान्य भन्दा शून्य दशमलव ४ डिग्री सेलसियस् कम्ती हो अनि न्यूनतम तापमान 28 दशमलव ३ डिग्री सेलसियस् दर्ता गरियो जुन चाहिँ सामान्य भन्दा १ दशमलव ४ डिग्री सेलसियस अधिक हो। गत 24 घंटामा साधारण वर्षा दर्ता गरिएको छ। पश्चिम बंगालको अन्य जिल्लाहरुमा पनि मौसम लगभग यस्तै प्रकारको बनी रहने संभावना पनि मौसम विभागले व्यक्त गरेको छ। दार्जिलिंग अनि सिलीगुड़ीमा मध्यम वर्षा हुन सक्नेछए जबकि हुगलीए बांकुराए पूर्व अनि पश्चिम मेदिनीपुरए आसनसोलए बर्दवान अनि उत्तर एवं दक्षिण 24 परगना जिल्लाहरुमा हल्का तथा गरजन साथ वर्षा हुने संभावना पनि विभागले व्यक्त गरेको छ। मौसम विभागले सबै जिल्लाहरुका निवासीहरुसित मौसमको स्थितिमाथि निगराणी बनाइ राख्ने अनि आवश्यक सावधानी अपनाउने अपिल पनि गरेको छ। हल्का वर्षाको कारण केही क्षेत्रहरुमा जल भरिने समस्या पनि हुन सक्नेछ जसकारण स्थानीय प्रशासनले नागरिकहरुलाई सतर्क बस्ने आग्रह पनि गरेको छ। उत्तर बंगालको अलीपुरद्वारए कूचबिहार अनि जलपाईगुड़ीमा भारी वर्षाको संभावना पनि मौसम विभागले व्यक्त गरेको छ।मनाउदै आइरहेको बताए।

****** ० ******

**पिकअप भ्यान**

भोलि १५ जुलाईको बिहान ८ बजीदेखि ४ बजीसम्म दार्जीलिङका सम्पूर्ण पिकअप भ्यानहरू बन्द रहनेछन्। विशेष दार्जीलिङ हिल पिकअप भ्यान ड्राइभर्स ट्रेड युनियनका सदस्य एवं दार्जीलिङको जजबजार निवासी लाकपा तेञ्जीको हिजो निधन भएको कारण उहाँको शव भोलि उहाँको पैतृक स्थान मानेभञ्ज्याङ लगिने भएको छ। यसैकारण श्री तेञ्जीको को शवयात्रामा सामेल हुनको लागि युनियनले सम्पूर्ण पिकअप भ्यान चालकहरूलाई निवेदन गरेको छ।

****** ० ******